# भीरकोट नगरपालिकाको

## आ.व. २०८१/८२ मा सम्पादित योजना तथा कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रमको प्रतिवेदन

# भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बयरघारी, स्याङ्जा

८ असोज, २०८२

# आर्थिक वर्ष २०८१/८२ को वार्षिक समीक्षा कार्यक्रमको प्रतिवेदन

## १. नगर परिचय

गण्डकी प्रदेश अन्तर्गत पर्ने स्याङ्जा जिल्लाको मध्य भागमा अवस्थित भीरकोट नगरपालिका समुन्द्र सतहबाट करीब ७१३ मिटर (वडा नं. ४ को छाङ्गछाङ्गदी फाँट) देखि करीब १७३५ मिटर (वडा नं. ९ को नारायणगिरी बाबा मन्दिर) को उचाईमा अवस्थित छ । यो नगरपालिका पूर्वमा विरुवा गाउँपालिका र पुतलीबजार नगरपालिका, पश्चिममा पर्वत जिल्ला, उत्तरमा अर्जुनचौपारी गाउँपालिका र पुतलीबजार नगरपालिका तथा दक्षिणमा वालिङ्ग नगरपालिकासँग सिमाना जोडिएर रहेको छ ।

मध्यकालिन आँधिखोलाको सभ्यताभित्र भीरकोट राज्यको स्थापना विक्रम संम्वत् १४७५ देखि १५०० को बीचमा भएको र स्याङ्जा जिल्लाको इतिहाँसमा नुवाकोट, सतौंकोट, गह्रौंकोटमध्ये भीरकोटलाई प्राचीन ऐतिहासिक किल्ला र कोट मानिएको पाइन्छ । उहिले आँधिखोलादेखि पश्चिममा खिलुङ्ग भन्ने स्थानलाई जैन खाँनले बस्ती बसालेका र त्यसैको निकट रहेको शीतल हावा चल्ने भीरकोटमा घर, मन्दिर तथा कोटघरको निर्माण गरी ठकुराईहरुले राज्य संचालन गरेको इतिहास रहेको छ ।

डा. बम बहादुर अधिकारीद्धारा लिखित बाइसे तथा चौबीसे राज्यहरूको संक्षिप्त इतिहास नामक पुस्तकमा भीरकोट राज्यको सीमाना पैंयुखोला, सर्दीखोला, सेतीखोला, बाडखोला, दह्रौंखोला, मिर्दीखोला, बाँयखोला, च्याङ्गदीखोला, करादीखोला, अर्मादीखोला, लुब्दीखोला, फेदीखोलासम्म फैलिएको उल्लेख छ । पूर्वमध्यकालमा जैन खाँनका छोरा सूर्य खाँनले भीरकोट राज्यको स्थापना गरेको पाइन्छ । यस नगरपालिकाको वडा नम्वर १ को जगतपुरमा भीरकोटे राजाहरूले शासन गरेको ऐतिहासिक भीरकोट दरबार हालसम्म पनि रहेको र सोही नामको आधारमा भीरकोट नगरपालिकाको नामाकरण भई मिति २०७२/०६/०१ नगरपालिकाको स्थापना भएको हो ।

यो नगरपालिका पूर्वतर्फ वडा नम्वर ३ को भुरुङ्गखोला देखी पश्चिमतर्फ वडा नम्वर ९ को कालिकाकोटकोट बाघडाँडासम्म तथा उत्तरमा वडा नं. १ को शंखपुर देखि दक्षिणमा वडा नम्वर ४ को खत्रीखोलासम्म फैलिएको छ।

राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजाअनुसार यस नगरपालिकामा कूल घर संख्या ५६४४, कूल परिवार संख्या ६१७१ र कूल जनसंख्या २२,६४५ रहेको र कूल जनसंख्यामध्ये पुरुषको संख्या १०,२६७ र महिलाको संख्या १२,३७८ रहेको छ । यसरी हेर्दा यस नगरपालिकाको लैङ्गिक अनुपात ८२.९५ रहेको छ । यस नगरपालिकाको कुल साक्षरता दर ८२.९ प्रतिशत रहेकोमा पुरुष साक्षरता ९०.८ र महिला साक्षरता दर ७६.५ प्रतिशत रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार वडागत जनगणना निम्नानुसार रहेको छ ।

| वडाको विवरण | पुरुष जनसंख्या | महिला जनसंख्या | जम्मा जनसंख्या |
|---|---|---|---|
| **वडा नं १** | १७८५ | २१७६ | ३९६१ |
| **वडा नं २** | १५४८ | १८१५ | ३३६३ |
| **वडा नं ३** | १२०२ | १४६७ | २६६९ |

| | | | |
|---|---|---|---|
| वडा नं ४ | ६१६ | ७२४ | १३४० |
| वडा नं ५ | १२२२ | १४८० | २७०२ |
| वडा नं ६ | ९०० | १११९ | २०१९ |
| वडा नं ७ | ८२७ | ९८९ | १८१६ |
| वडा नं ८ | १२७३ | १५११ | २७८४ |
| वडा नं ९ | ८९४ | १०९७ | १९९१ |
| कुल जम्मा | १०२६७ | १२३७८ | २२६४५ |

कूल ७८.२३ वर्ग कि.मि. क्षेत्रफल रहेको भीरकोट नगरपालिकालाई देहाय बमोजिम हुने गरी ९ वटा वडाहरुमा विभाजन गरिएको छ ।

देहायः-

| सि. नं. | साविकका गा.वि.स. | साविकका वडाहरू | हालको भीरकोट नगरपालिकामा कायम भएका वडाहरू |
|---|---|---|---|
| १ | दार्सिङ्ग दहथुम | १,२,३ र ५ | भीरकोट नगरपालिका वडा नं. १ |
| २ | दार्सिङ्ग दहथुम | ४,६,७,८ र ९ | भीरकोट नगरपालिका वडा नं. २ |
| ३ | बानेथोक देउराली | १ देखि ९ सम्म | भीरकोट नगरपालिका वडा नं. ३ |
| ४ | छाङ्गछाङ्गदी | २,३,७,८ र ९ | भीरकोट नगरपालिका वडा नं. ४ |
| ५ | स्वरेक | १,५,६,७ र ९ | भीरकोट नगरपालिका वडा नं. ५ |
| ६ | खिलुङ्ग देउराली | ३,५,७ र ८ | भीरकोट नगरपालिका वडा नं. ६ |
| ७ | खिलुङ्ग देउराली | १,२,४,६ र ९ | भीरकोट नगरपालिका वडा नं. ७ |
| ८ | ढापुक सिमलभञ्याङ्ग | १ देखी ९ सम्म | भीरकोट नगरपालिका वडा नं. ८ |
| ९ | कालिकाकोट | ३,४,५,६,७ र ८ | भीरकोट नगरपालिका वडा नं. ९ |

यस नगरपालिकामा रहेको पक्की सडक मध्ये ९.१७ किलोमिटर सडक सिद्धार्थ राजमार्गमा रहेको र वजार क्षेत्रमा १.५ किलोमिटर सडक कालोपत्रे गरिएको छ । यसै गरी बयरघारी- ठुली भन्ज्याङ पर्वत सडकको २३ किलोमिटर सडक मध्ये करिव २ कि मि सडक निर्माणधिन अवस्थामा रहेको छ । बयरघारी-बानेथोक खण्डको २३.५ किलोमिटर सडक मध्ये करिव ६०० मी सडक कालो पत्र भएको र सो सडक अन्तर्गत पर्ने लुवाडाँडा देखि वानेथोक देउराली सम्मको सडक पि सि सि एवं कालो पत्रे गर्ने कार्य शुरु गरिएको छ । त्यसै गरी बयरघारी-ढापुक फेदी हुँदैं पर्वत भोर्ले सम्म २० कि मि सडक मध्ये करिव ४ कि मि सडक कालोपत्रे गरिएको छ ।यसै गरी हेलु अर्जुनचौपारी सडकको हेलु वजार देखि ठाडाखेत सम्मको १.५ कि मि सडकमा कालोपत्रे गरिएको छ ।

समग्रमा भीरकोट नगरपालिकामा हाल सम्म करिव १८  कि मी कालोपत्रे सडक र करिव ८ कि मी पि सि सी सडक रहेकोमा बाँकी सडक कच्ची सडक रहेका छन ।

पक्की पुल तर्फ आँधिखोलामा २, खाँदीखोलामा १, लुब्दिखोलामा ३ र गोदीखोलामा २ समेत गरी जम्मा ८ वटा मोटरेवल पक्की पुल रहेका छन् । आँधीखोलाको १ वटा पुल निर्माणाधिन अवस्थामा  रहेको छ ।

यस नगरपालिकाभित्र खेतीयोग्य ठुला फाँटका रुपमा बयरघारी, छाङ्गछाङ्गदी, पकान, सिमलचौर र मर्तमास रहेका छन् भने ती फाँटहरूको प्रमुख सिंचाईको मूल श्रोतको रुपमा आँधिखोला रहेको छ ।

पर्यटन विकासको प्रचुर संभावना बोकेको यस नगरपालिकाभित्रका प्रमुख पर्यटकीय स्थलहरूमध्ये प्याराग्लाईडिङ्गका लागि स्वरेक मैदान, पवित्र धार्मिक स्थलका रुपमा छाङ्गछाङ्गदी छायाँक्षेत्र मन्दिर, घरबास पर्यटनका लागि वडा नं. ७ को खिलुङ्ग, वडा नं. ८ को ओकादी र वडा नं. २ को केघाभञ्ज्याङ्ग प्रमुख संभावना रहेका स्थानहरू रहेका छन् भने मुल्का वराह, खिलुङ्ग कालिका, स्वरेक भैरव कालीका, भवानीथुम, बानेथोक देउराली, कोखेछहरा, भीरकोट कालिका, केघादेउराली, देउपुजे ढुङ्गा, गडहरे गुफा, सिर्कोट कालिका, नारायणगिरी बाबा मन्दिर, दफुर्का वन, सुन्दरचौर बनस्पति सुचना केन्द्र लगायतका स्थलहरू पर्यटकीय आकर्षणका केन्द्रको रुपमा रहेका छन्।

यस नगरपालिकामा अदुवा, केरा, सुन्तला र कफी एवं अम्रिसो खेती प्रमुख नगदे बाली तथा कोदो, मकै, गहूँ र धान प्रमुख खाद्यान्न बालिका रुपमा रहेका छन् । त्यसै गरी जडीबुटीका रुपमा हर्रो, बर्रो, चिराइतो, अमला, लालीगुँरास, सुनगाभा लगायतका जडीवुटीहरूको सम्भावना रहेको छ ।

## २. कार्यक्रमको परिचय

यस नगरपालिकाद्वारा प्रत्येक आर्थिक वर्षको समाप्त पश्चात आयोजना गरिने वार्षिक समीक्षा कार्यक्रमको उद्देश्य विगत एक वर्षको योजना कार्यान्वयनको स्थिति, उपलब्धि, चुनौती र आगामी वर्षका प्राथमिकता तथा सुधारका दिशाहरूको पहिचान गर्नु हो । यसै सन्दर्भमा आर्थिक वर्ष २०८१/८२ मा नगरपालिकाबाट सञ्चालन गरिएका विविध क्षेत्रका कार्यक्रम तथा योजनाहरूको प्रगति मूल्याङ्कनका लागि २०८२ असोज ८ गते नगरपालिकाको सभाहलमा समीक्षा कार्यक्रम सम्पन्न गरिएको थियो ।

बार्षिक समिक्षा कार्यक्रम यस नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्य ज्यूको अध्यक्षतामा, नगर उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू, वडा अध्यक्षहरू, जनप्रतिनिधिहरू, नगरस्तरीय कर्मचारीहरू, उपभोक्ता समिति प्रतिनिधिहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मीहरू, नागरिक समाजका अगुवा तथा सरोकारवाला व्यक्तिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

यस कार्यक्रमलाई साझा उत्तरदायित्व, पारदर्शिता र सहभागी शासन प्रणालीको अभ्यासका रूपमा लिइएको थियो, जस अन्तर्गत नगरपालिकाका विभिन्न शाखा तथा वडाहरूले सञ्चालन गरेका योजना, कार्यक्रम र गतिविधिहरूको विवरण प्रस्तुत गरियो । साथै, तिनका उपलब्धि, कमजोरी, सिकाइ र आगामी वर्षका सुधारका उपायहरूको बारेमा सहभागीहरूबाट सुझाव, सल्लाह र प्रत्यक्ष अभिव्यक्ति संकलन गरियो ।

कार्यक्रमको सञ्चालनका क्रममा नगरपालिकाका विभिन्न शाखा प्रमुखहरूद्वारा प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो । प्रत्येक वडाका अध्यक्षहरूले आफ्नो वडामा सम्पन्न कार्यहरू, अवरोध र सुधारका प्रस्तावहरू राख्नुभएको थियो । साथै, नगरका प्रमुख सरोकारवालाहरू, सामाजिक संघसंस्थाका प्रतिनिधि, राजनीतिक दलका अगुवा तथा प्रतिनिधिहरूद्वारा नगरको समग्र कार्यप्रणालीमा सुधारका लागि बहुमूल्य सुझाव प्रस्तुत गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा नगर प्रमुखले सबै सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै प्राप्त सुझावहरूलाई आगामी वार्षिक योजना निर्माण प्रक्रियामा प्राथमिकताका साथ समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यस कार्यक्रमले नगरपालिकाभित्र उत्तरदायित्व, समन्वय, गुणस्तर र पारदर्शिता प्रवर्द्धन गर्ने सकारात्मक सन्देश दिएको छ । साथै, स्थानीय तहको सुशासन र सेवा प्रवाह सुधारका लागि सहभागी समीक्षा प्रणालीको आवश्यकता अझ स्पष्ट बनाएको छ ।

### ३. कार्यक्रमको प्रमुख उद्देश्य:

यस नगरपालिकाले संचालन गरेको बार्षिक समिक्षा कार्यक्रमको प्रमुख उद्देश्य देहाय बमोजिम रहेको थियो:

क. आ.व. २०८१/८२ का लागि स्वीकृत वार्षिक योजना र बजेट अनुसार सम्पन्न कार्यहरूको समीक्षा र मूल्याङ्कन गर्नु ।

ख. नगरपालिकाका हरेक शाखा तथा वडा स्तरका योजनाहरूको भौतिक, वित्तीय र प्राविधिक प्रगति प्रस्तुत गर्नु ।

ग. कार्यान्वयनका क्रममा देखिएका प्रमुख चुनौती, समस्या र समाधानका उपायहरू पहिचान गर्नु ।

घ. जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, राजनीतिक दल र नागरिक समाजबीच पारदर्शी र उत्तरदायी समन्वयको वातावरण सृजना गर्नु ।

ङ. आगामी वर्षका योजनाहरूलाई अझ परिणाममुखी, दिगो र समुदायमैत्री बनाउने सुझाव संकलन गर्नु ।

## ४. शाखागत प्रगति विवरण

आज मिति २०८२ साल असोज ०८ गतेका दिन भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्द कुमार कर्माचार्यज्यूको अध्यक्षतामा आ.व. २०८१/८२ को बार्षिक समिक्षा बैठक निम्न उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिती

| नामथर | पद | दस्तखत |
|---|---|---|
| श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. १ | |
| श्री श्यामकाजी अधिकारी | वडा अध्यक्ष वडा नं. २ | |
| श्री केशर बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| श्री रत्न प्रकाश श्रेष्ठ | वडा अध्यक्ष वडा नं. ४ | |
| श्री कृष्ण बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| श्री लक्ष्मण खत्री क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | |
| श्री तारा प्रसाद अर्याल | वडा अध्यक्ष वडा नं. ७ | |
| श्री नन्दलाल खनाल | वडा अध्यक्ष वडा नं. ८ | |
| श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| श्री गंगा बहादुर जि. टी. | कार्यपलिका सदस्य | |
| श्री विष्णु माझी | कार्यापलिका सदस्य | |
| श्री विन्दु खड्का | कार्यापलिका सदस्य | |
| श्री एकमाया घर्ती थापा | कार्यापलिका सदस्य | |
| श्री पार्वती के.सी. | कार्यापलिका सदस्य | |
| श्री ओम कुमारी कोइराला | कार्यापलिका सदस्य | |
| श्री खैसरा वि.क. | कार्यापलिका सदस्य | |
| श्री लक्ष्मण लम्साल | प्रमुख प्रशासकीय अधिकृत | |

| नामथर | पद | दस्तखत |
|---|---|---|
| हरि बहादुर खड्का | अध्यक्ष ने.क.पा. (एमाले) | |
| हरि बहादुर खड्का | " राप्रपा | |
| जगदिश प्रसाद भोईटेला | ~~अध्यक्ष~~ उपसभापति गा.पा. [illegible] | |
| चिन्तामणि पाण्डे | लायन्स क्लब अ. | |
| पितम्बर [illegible] | | |
| विष्णु प्रसाद कोइराला | शिक्षा अधिकृत | |
| राम प्रसाद [illegible] | योजना अधिकृत | |
| [illegible] पराजुली | इन्जिनियर | |
| [illegible] | सि.अ.हे.व | |
| रोशन रेग्मी | पत्रकार [illegible] | |
| अरुण रेग्मी | कविराज निरीक्षक | |
| कृष्ण बहादुर [illegible] | [illegible] | |
| आयुष पौडेल | स्वीय सचिव | |
| विजय गुरुङ | [illegible] | |
| शान्ति कुमारी ढुंगाना | न्यायिक सहजकर्ता | |
| [illegible] | सहायक स्तर चौथो | |
| जय प्रकाश [illegible] | ना.प.[illegible] | |
| शिवदत्त शर्मा | " [illegible] | |
| श्रवण कुमार मिश्र | कृषि अधिकृत | |
| भोज [illegible] | [illegible] | |
| सुरेश पंगेनी | स.प्र.अ. | |

| नामथर | पद | दस्तखत |
| --- | --- | --- |
| बसन्त कुमार बस्नेत | रो.सं. | [signature] |
| सिताराम खनाल | प्र. अधिकृत | [signature] |
| धान प्र. तिवारी | ना.पे.से.प्र | [signature] |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

# भीरकोट नगरपालिकाको आ.व. २०८१/८२ को बार्षिक समिक्षा कार्यक्रम

**प्रस्तुतकर्ता**

सिताराम खनाल
प्रशासकीय अधिकृत

मितिः 2082 असोज 08

स्थानः भीरकोट नगरपालिका

N अर्जुनचौपारी गाउँपालिका/पुतलीबजार नगरपालिका

W पर्वत जिल्ला




E पुतलीबजार नगरपालिका/बिरुवा गाउँपालिका

वालिङ्ग नगरपालिका S

**कुल क्षेत्रफलः ७८.23 वर्ग कि.मि.**

# नगरपालिकाको संक्षिप्त चिनारी

| | |
|---|---|
| सीमाना | पूर्व–विरूवा गाउँपालिका र पुतलीबजार नगरपालिका<br>पश्चिम– पर्वत जिल्ला<br>उत्तर–अर्जुनचौपारी गाउँपालिका र पुतलीबजार नगरपालिका<br>दक्षिण–वालिङ्ग नगरपालिका |
| कुल क्षेत्रफल | ७८.२३ (वर्ग कि.मी.) |
| तापक्रम | न्यूनतम ५ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयससम्म |
| हावापानी | समशितोष्ण हावापानी |
| उचाई | समुन्द्र सतहको ७१३ मिटर देखि १७३५ मिटर |
| जनसंख्या | २२६४५ (पुरूष: १०२६७ महिला: १२३७८) |

# भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बयरघारी, स्याङ्जा




**भीरकोट नगरपालिका वडा नं. १ मा अवस्थित प्रशासकीय भवन**

# नगरपालिकाबाट सम्पादित उल्लेखनिय कार्यहरु

- बालमैत्रि स्थानीय तह घोषणा भई सोको निरन्तरता एवं दिगोपना
- सडक बालबालिका मुक्त स्थानीय तह घोषणा भएको
- पूर्ण घटना दर्ता सम्पन्न भएको स्थानीय तह
- पूर्णखोपयुक्त स्थानीय तह घोषणा
- नगरपालिकाले घरघरमा गई फोहोरमैला संकलन गरी बिक्री वितरण मार्फत फोहोरलाई मोहरमा रुपान्तरण गरिएको ।
- अवैध रुपमा उत्खनन् एवं ढुवानी गरिएका नदिजन्य पदार्थ जफत गरी कारवाही गरिएको ।

# सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धीः

- नागरिक वडापत्रः भएको ।
- सुचना अधिकारीः तोकिएको ।
- सार्वजनिक सुनुवाईः नियमित रुपमा गरिएको ।
- नगरस्तरीय अनुगमन समितिबाट कार्यक्रम तथा योजनाहरुको नियमित अनुगमन गरिएको ।
- नगरपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र संचालनमा रहेको ।
- स्थानिय तह स्वमूल्याङ्कन (LISA) मा ८८.२५ अंक प्राप्त गरी गण्डकी प्रदेशमा नगरपालिका तर्फ प्रथम र समग्रमा दोस्रो स्थान प्राप्त गर्न सफल ।
- स्थानिय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ९० अंक प्राप्त गरेको ।

# डिजिटल सेवाहरु

- सबै प्रकारका सरकारी भुक्तानीहरु EFT मार्फत अनलाइन भुक्तानी ।
- सबै प्रकारका घटना दर्ता अनलाइन मार्फत गरिएको ।
- राजश्व प्रणाली पुर्ण रुपमा अनलाइन प्रणाली मार्फत संकलन ।
- नगरपालिकाको डिजिटल प्रोफाइल निर्माण गरी सफ्टवयेर मार्फत विवरणहरु संकलन एवं अद्यावधिक गरिएको ।
- सिसिटिभी मार्फत नगरपालिका, विद्यालय, बजार क्षेत्र र ग्रिजि भाइब्रेटर मेशिनको निगरानी ।
- सबै स्वास्थ्य संस्थामा अनलाइन प्रणाली मार्फत HMIS स्वचालित रुपमा प्रणालीमा विवरण प्रविष्टि
- विद्युतिय हाजिरी प्रणाली ।
- वेवसाइट र सामाजिक संजाल मार्फत नियमित रुपमा सूचना तथा निर्णयहरु प्रकाशित गरी नगरवासी समक्ष पारदर्शिता कायम गरिएको ।

## नगरपालिकाको दरबन्दि संरचना

| क्र. स. | नगर कार्यपालिकाको दरबन्दी तेरिज पद | तह | सेवा | समूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्रशासन | 1 |
| २. | अधिकृत | ९/१० | शिक्षा | शि. प्रशासन | 1 |
| ३. | सि.डि.ई. | ९/१० | ईन्जिनियरिङ | सिभिल | १ |
| ४. | अधिकृत | ७/८ | प्रशासन | सा.प्रशासन | 1 |
| ५. | लेखा अधिकृत | 7/8 | प्रशासन | लेखा | 1 |
| ६. | अधिकृत | ७/८ | शिक्षा | शि.प्र. | 1 |
| ७. | जनस्वास्थ्य अधिकृत | ७/८ | स्वास्थ्य | जनस्वास्थ्य | 1 |
| ८. | ईन्जिनियर | ७/८ | ईन्जिनियरिङ | सिभिल | 1 |
| ९. | अधिकृत | ६ | प्रशासन | सा.प्रशासन | 2 |
| १०. | आ.ले.प. सहायक | ५ | प्रशासन | लेखा | 1 |
| ११. | प.हे.न. | ५/६ | स्वास्थ्य | क.न. | 1 |

# भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बयरघारी, स्याङ्जा

# नगरपालिकाको दरबन्दि संरचना

| क्र. स. | नगर कार्यपालिकाको दरबन्दी तेरिज पद | तह | सेवा | समूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|---|
| १२. | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई. | 1 |
| १३. | सहायक | ५ | प्रशासन | सा.प्रशासन | 5 |
| १४. | लेखापाल | ५ | प्रशासन | लेखा | 1 |
| १५. | कम्प्युटर अपरेटर | ४ | विविध | - | 1 |
| १६. | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | 1 |
| १७. | सव-ईन्जिनियर | ५ | ईन्जिनियरिङ | सिभिल | 2 |
| १८. | महिला विकास निरीक्षक | ५ | विविध | - | 1 |
| १९. | अमिन | ४ | ईन्जिनियरिङ | सर्भे | 1 |
| २०. | सहायक | ४ | प्रशासन | सा.प्रशासन | 2 |
| २१. | स.ले.पा. | ४ | प्रशासन | लेखा | 1 |
| २२. | सहायक महिला विकास निरीक्षक | ४ | विविध | - | 1 |
| जम्मा | | | | | |

# वडा कार्यालय तर्फको दरबन्दी तेरिज

| क्र.स. | तह | सेवा | समूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|
| 1 | सहायक पाँचौ | प्रशासन | सामान्य प्रशासन | 4 |
| 2 | सहायक चौथो | प्रशासन | सामान्य प्रशासन | 5 |
| 3 | सब इन्जिनियर | इन्जिनियरिङ | सिभिल | 4 |
| 4 | असिस्टेन्ट सब इन्जिनियर | इन्जिनियरिङ | सिभिल | 5 |
| | | | जम्मा | 18 |

# भेटेरिनरी तर्फको दरबन्दी तेरिज

| क्र.स. | तह | सेवा | समूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|
| 1 | 7/8 | कृषि सेवा | ला पा डे डे | 1 |
| 2 | 5 | कृषि सेवा | पशु स्वा. प्रा. | 1 |
| 3 | 5 | कृषि सेवा | पशु सेवा प्रा. | 1 |
| 4 | 4 | कृषि सेवा | पशु स्वा. प्रा. | 1 |
| 5 | 4 | कृषि सेवा | पशु सेवा प्रा. | 1 |
| | | | जम्मा | 5 |

# कृषि तर्फको दरबन्दी तेरिज

| क्र.स. | तह | सेवा | समूह | स्वीकृत दरबन्दी |
|---|---|---|---|---|
| 1 | 7/8 | कृषि सेवा | कृषि | 1 |
| 2 | 5 | कृषि सेवा | कृषि | 2 |
| 3 | 4 | कृषि सेवा | कृषि | 1 |
| | | | जम्मा | 4 |

# हाल कार्यरत कर्मचारी विवरण

स्थायी कर्मचारी
61

करार सेवातर्फ
100

दैनिक ज्यालादारी तर्फ
5

जम्मा कर्मचारी
१६६

# वार्षिक कार्यपालिका/सभा बैठक विवरण

- नगर सभा बैठक संख्या 2
- नगर कार्यपालिका बैठक संख्या 11
- न्यायिक समिति बैठक संख्या 21

# भीरकोट नगरपालिकाबाट चालु आ.व.मा जारी गरिएका ऐन, कानूनहरू

| सि.न. | ऐन, कानूनको विवरण | पारित गरेको मिति |
| --- | --- | --- |
| १ | भीरकोट नगरपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८१ | 2081/05/09 |
| २ | सुरक्षित आवास गृह (सेफ हाउस) तथा बालगृह स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ | 2081/05/09 |
| ३ | भीरकोट नगरपालिकाको रोजगार सम्वाद मञ्च (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ | २०८१/09/२8 |
| ४ | भीरकोट नगरपालिकाको सार्वजनिक सेवाको मापदण्ड, २०८१ | २०८१/१२/२2 |
| ५ | भीरकोट नगरपालिका प्रसुती भैँसी भत्ता अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१ | २०८१/१२/२2 |
| ६ | सामुदायिक विद्यालय समायोजन कार्यविधि, २०८१ | २०८१/१२/२2 |
| ७ | कृषक सम्मान कार्यक्रम संचालन मापदण्ड, २०८१ | २०८१/१२/२2 |

# भीरकोट नगरपालिकाबाट चालु आ.व.मा जारी गरिएका ऐन, कानूनहरू

| सि.न. | ऐन, कानूनको विवरण | राजपत्रमा प्रकाशित गरेको |
|---|---|---|
| 8 | भीरकोट नगरपालिकाको आर्थिक ऐन, २०८2 | 2082/03/08 |
| 9 | भीरकोट नगरपालिकाको विनियोजन ऐन, २०८2 | 2082/03/29 |
| 10 | भीरकोट नगरपालिकाको बन ऐन,2082 | 2082/03/29 |
| 11 | नदीजन्य पदार्थ तथा क्रसर उद्योग व्यवस्थापन सम्बन्धी ऐन,2082 | 2082/03/29 |

# प्रशासन शाखाबाट सम्पादित कार्यहरु

- नगरपालिका र मातहतका कार्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरु, जनप्रतिनिधिहरुको समयमै सम्पत्ति विवरण संकलन गरी राष्ट्रिय सतर्कता केन्द्रमा दर्ता गरी मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको
- सम्पुर्ण कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन फारम सम्बन्धी कार्य
- नगरपालिका तथा मातहतका कार्यालयमा रिक्त रहेका विभिन्न पदहरुमा स्थायी तथा करार सेवामार्फत पदपुर्ति सम्बन्धि कार्य
- गण्डकी प्रदेशको स्थानीय सेवा ऐन/नियमावलि बमोजिम तहवृद्धि सम्बन्धि कार्य
- नगरपालिका, मातहतका वडा कार्यालयहरु र सम्पुर्ण स्वास्थ्य संस्थामा स्थलगत रुपमा गइ जिन्सि निरिक्षण प्रतिवेदन तयारी
- स्थानीय तह स्वंमुल्यांकन LISA, FRA लगायतका स्थानीय तह स्वंमुल्यांकन सम्बन्धि विविध कार्य सम्पन्न

- नगरकार्यपालिका र नगरसभाको बैठक व्यवस्थापन तथा निर्णय लेखन सम्बन्धि कार्य
- नगरपालिकाको लागि आवश्यक परेका विभिन्न ऐन, कार्यविधि तथा निर्देशिका तर्जुमा सम्बन्धी कार्य, अभिलेखिकरण तथा राजपत्रमा प्रकाशन
- कर्मचारीहरुको नियुक्ति, जिम्मेवारी बाँडफाँड, अभिलेख व्यवस्थापन तथा निवृत्तिभरण सम्बन्धी कार्य सम्पादन
- नगरपालिका मातहतका वडा कार्यालयहरुसँग समन्वय सहकार्य एवं समस्या पहिचान गरी समाधान
- विभिन्न बैठक, सभा, गोष्ठि व्यवस्थापन सम्बन्धी कार्य

# न्यायिक शाखाबाट सम्पादित कार्यहरु

| विवरण | मुद्दा संख्या |
|---|---|
| दर्ता भएका निवेदनहरु | 21 |
| निर्णय/मिलापत्र भएका मुद्दाहरु | 15 |
| प्रकृयामा रहेका/बाँकी | 6 |



# महिला बालवालिका शाखाबाट सम्पादित कार्यहरु

| अपाङ्गता परिचयपत्र वितरण | संख्या |
|---|---|
| कुल वितरण भएका परिचयपत्र | 19 |
| क वर्गका परिचयपत्र | 3 |
| ख वर्गका परिचयपत्र | 6 |
| ग वर्गका परिचयपत्र | 7 |
| घ वर्गका परिचयपत्र | ३ |



# राजश्व शाखाबाट सम्पादित कार्यहरु

# राजश्व शाखाबाट सम्पादित कार्यहरु

| क्र.सं. | प्रस्तावित आम्दानी शिर्षक | अनुमानित राजश्व | संकलन भएको राजश्व | कैफियत |
|---|---|---|---|---|
| 1 | आन्तरिक आम्दानी | ३,३७,७०,१३० | 1,24,7५,२32 | |
| 2 | दहत्तर बहत्तर | २,००,००,००० | 3,48,60,30६ | |

# वडा कार्यालयहरुबाट संकलन भएको राजश्व

| क्र.सं. | वडा कार्यालय | संकलन भएको राजश्व | कैफियत |
|---|---|---|---|
| 1 | वडा नं. 01 | 10,83,280 | |
| 2 | वडा नं. 02 | 7,66,262 | |
| 3 | वडा नं. 03 | 6,18,139 | |
| 4 | वडा नं. 04 | 2,95,767 | |
| 5 | वडा नं. 05 | 5,19,375 | |
| 6 | वडा नं. 06 | 6,05,164 | |
| 7 | वडा नं. 07 | 5,70,052 | |
| 8 | वडा नं. 08 | 6,47,011 | |
| 9 | वडा नं. 09 | 5,06,676 | जम्माः 51,06,232 |

# धन्यवाद



# नमस्कार ! शिक्षा शाखाको वार्षिक समिक्षात्मक प्रस्तुतिमा उपस्थित सम्पुर्णमा हार्दिक नमन/नमस्कार



# शिक्षक दरबन्दी सम्बन्धी

यस भीरकोट नगरपालिका अन्तरगत हाल सम्म कायम रहेको शिक्षक दरबन्दी संख्या तपसिल बमोजिम रहेको छ ।
भीरकोट नगरपालिका स्याङ्जा २०८२

| | प्राथमिक तह | | | निम्न माध्यमिक तह | | | माध्यमिक तह | | | साविक उच्च माध्यमिक तह ११-१२ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | स्वीकृत दरबन्दी | राहत अनुदान | जम्मा | स्वीकृत दरबन्दी | राहत अनुदान | जम्मा | स्वीकृत दरबन्दी | राहत अनुदान | जम्मा | दरबन्दी | राहत अनुदान | जम्मा | कुल जम्मा |
| १ | १८० | ९ | १८९ | ३४ | १४ | ४८ | २३ | ७ | ३० | २ | ६ | ८ | २७५ |

शिक्षण सहयोग अनुदान

| क्र.स | तह | संख्या | हाल कार्यरत | पदपुर्ति बाँकी |
|---|---|---|---|---|
| १ | निम्न माध्यमिक | १ | १ | ० |
| २ | माध्यमिक तह | १७ | १५ | २ |
| | जम्मा | १८ | १६ | २ |

# IEMIS तथ्याङ्क २०८२ अनुसार विद्यार्थी संख्या जम्मा ३५९६

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भीरकोट नगरपालिका अन्तरगत सामुदायिक विद्यालयमा रहेका जम्मा विद्यार्थी संख्या IEMIS तथ्याङ्क २०८२ अनुसार | | | | | | | | | | |
| कक्षा | इसिडी | १ | २ | ३ | ४ | ५ | १- ५ सम्म जम्मा | | | |
| विद्यार्थी संख्या | २९५ | २०६ | १४८ | १३६ | १६५ | १७१ | ८२६ | | | |
| कक्षा | ६ | ७ | ८ | ६-८ जम्मा | ९ | १० | ११ | १२ | ९-१२ जम्मा | कुल जम्मा |
| विद्यार्थी संख्या | १८८ | २१० | १९६ | ५९४ | २४१ | २४१ | ११९ | ४८ | ६५० | २३६५ |
| | | | | | | | | | | |
| भीरकोट नगरपालिका अन्तरगत संस्थागत विद्यालयमा रहेका जम्मा विद्यार्थी संख्या IEMIS तथ्याङ्क २०८२ अनुसार | | | | | | | | | | |
| कक्षा | इसिडी | १ | २ | ३ | ४ | ५ | १- ५ सम्म जम्मा | | | |
| विद्यार्थी संख्या | ३३९ | १५८ | १४५ | १२५ | १४३ | १२७ | ६९८ | | | |
| कक्षा | ६ | ७ | ८ | ६-८ जम्मा | ९ | १० | ११ | १२ | ९-१२ जम्मा | कुल जम्मा |
| विद्यार्थी संख्या | १०३ | ११७ | ११८ | ३३८ | ९६ | ६३ | १७ | १९ | १९५ | १२३१ |

# IEMIS तथ्याङ्क २०८१ अनुसार विद्यार्थी संख्या जम्मा ४७११

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| k | | | | | | | | | | |
| कक्षा | इसिडी | १ | २ | ३ | ४ | ५ | १- ५सम्म जम्मा | | | |
| विद्यार्थी संख्या | ३१४ | २४५ | १६४ | १८५ | १९३ | २१७ | १००४ | | | |
| कक्षा | ६ | ७ | ८ | ६-८ जम्मा | ९ | १० | ११ | १२ | ९-१२ जम्मा | कुल जम्मा |
| विद्यार्थी संख्या | २४५ | २१९ | २७८ | ७४२ | २७४ | २५८ | १६३ | ११८ | ८१३ | २८७३ |
| | | | | | | | | | | |
| भीरकोट नगरपालिका अन्तरगत संस्थागत विद्यालयमा रहेका जम्मा विद्यार्थी संख्या IEMIS तथ्याङ्क २०८१ अनुसार | | | | | | | | | | |
| कक्षा | इसिडी | १ | २ | ३ | ४ | ५ | १- ५सम्म जम्मा | | | |
| विद्यार्थी संख्या | ४०६ | २१७ | १५१ | १४५ | १५० | १३९ | ८०२ | | | |
| कक्षा | ६ | ७ | ८ | ६-८ जम्मा | ९ | १० | ११ | १२ | ९-१२ जम्मा | कुल जम्मा |
| विद्यार्थी संख्या | १३७ | १३२ | १०८ | ३७७ | ९७ | १०४ | २५ | २७ | २५३ | १८३८ |

# यस नगरपालिका अन्तरगत कार्यान्वयन भएका शशर्त कार्यक्रम

| सि.न. | कुल कार्यक्रम संख्या | अख्तियारी रकम | खर्च रकम |
|---|---|---|---|
| १ | मुख्य शिर्षक संख्या १८ वटा | २१६४७८००० | २०४२७१००० |
| | फिर्ता बजेट | | १२२०७००० |
| | खर्च प्रतिशत | ९४ प्रतिशत | |
| यस सम्बन्धी डिटेल विवरण पछिल्ला सलाइडमा रहेको छ । | | | |

# यस नगरपालिका अन्तरगत कार्यान्वयन भएका शशर्त कार्यक्रम

| सि.न. | कुल कार्यक्रम संख्या | अख्तियारी रकम | खर्च रकम | |
|---|---|---|---|---|
| १ | मुख्य शिर्षक संख्या १५ वटा | १४०३३००० | १२०००००० | |
| | फिर्ता बजेट | | | |
| | खर्च प्रतिशत | ८५ प्रतिशत | | |

# कक्षा १२ को यस वर्षको नतिजा

| माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा कक्षा १२ को २०८१ मा भीरकोट नगरपालिका अन्तरगतका विद्यालयको नतिजा विवरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ग्रेड अनुसार उत्तीर्ण विद्यार्थी संख्या | | | | | | |
| | | परीक्षामा सहभागि | अनुउत्तीर्ण विद्यार्थी | उत्तीर्ण विद्यार्थी | | १.६-२ | २.०-२.४ | २.४-२.८ | २.८-३.२ | 3.2-3.6 | ३.६-४ | | ४ |
| क्र.स. | विद्यालयको नाम | जम्मा विद्यार्थी | NG | Graded | उत्तीर्ण प्रतिशत | ३५-३९ | ४०-४९ | ५०-५९ | ६०-६९ | ७०-७९ | ८०-८९ | | ९०+ |
| १ | दहथुम मा.वि. | २३ | १६ | ७ | ३० | ० | ३ | २ | २ | ० | ० | ० | ० |
| २ | भाग्योदय मा.वि | ४९ | २६ | २३ | ४७ | ० | ४ | ९ | १० | ० | ० | ० | ० |
| ३ | राजेन्द्र भवानी मा.वि | २९ | २१ | ८ | २८ | ० | १ | ५ | १ | १ | ० | ० | ० |
| ४ | शहिदशुक्र मा.वि | ३३ | २३ | १० | ३० | ० | १ | ८ | १ | ० | ० | ० | ० |
| ५ | भू.पू. सैनिक आ.मा.वि | २७ | १२ | १५ | ५६ | ० | १ | ७ | ७ | ० | ० | ० | ० |
| | जम्मा | १६१ | ९८ | ६३ | ३९ | ० | १० | ३१ | २१ | १ | ० | ० | ० |

# गत वर्षको कक्षा १२ को नतिजा

| सहभागि जम्मा विद्यार्थी | ग्रेडेड/उत्तीर्ण विद्यार्थी | ननग्रेडेड/अनुत्तीर्ण विद्यार्थी | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| १६१ | ५१ | ११० | ३२ |
| | | | |

# कक्षा १० को यस वर्षको नतिजा

| सहभागि जम्मा विद्यार्थी | ग्रेडेड/उत्तीर्ण विद्यार्थी | ननग्रेडेड/अनुत्तीर्ण विद्यार्थी | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| ३४३ | २६० | ८३ | ७५.८०२ |
| | | | |

# गत वर्षको कक्षा १० को नतिजा

| सहभागि जम्मा विद्यार्थी | ग्रेडेड/उत्तीर्ण विद्यार्थी | ननग्रेडेड/अनुत्तीर्ण विद्यार्थी | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| ३८० | १२९ | २५१ | ३४ |
| | | | |

# यस वर्षको कक्षा ८ को नतिजा

| जम्मा सहभागि विद्यार्थी | ग्रेडेड/उत्तीर्ण विद्यार्थी | ननग्रेडेड/अनुत्तीर्ण विद्यार्थी | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|
| ३५३ | २३५ | ११८ | ६६.५७ |
| | | | |
| | | | |

# आ.व २०८१/०८२ मा सम्पन्न भएका कार्यक्रमको संक्षिप्त प्रतिवेदन (शशर्ततर्फ)

| सि.नं. | क्रियाकलाप नं. | क्रियाकलापको नाम | वार्षिक लक्ष्य | | वार्षिक प्रगती | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | विनियोजित कुल रकम (रु. हजारमा) | भौतिक लक्ष्य | वित्तिय प्रगती (रु. हजारमा) | वित्तिय प्रगति प्रतिशत | भौतिक प्रगति | भौतिक प्रगति प्रतिशत | लाभावान्वित वर्ग |
| १ | 1.1.3.3 | आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलवभत्ता, ग्रेड, सञ्चयकोष, विमाकोष, चाडवाडखर्च, महङ्गीभत्ता, पोषाक भत्ता अनुदान | 139517 | 236 | 131837 | 94.4953 | 236 | 100 | शिक्षक |
| २ | 1.1.3.4 | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलवभत्ता, ग्रेड, सञ्चयकोष, विमाकोष, चाडवाडखर्च, महङ्गीभत्ता | 26804 | 38 | 26804 | 100 | 38 | 100 | शिक्षक |
| ३ | २.७.१३.४० | माध्यमिक तह कक्षा ९-१० मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 9248 | 17 | 6762 | 73.1185 | 17 | 100 | शिक्षक |
| ४ | २.७.१३.४१ | आधारभुत तह कक्षा ६-८ मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | 461 | 1 | 461 | 100 | 1 | 100 | शिक्षक |

# आ.व २०८१/०८२ मा सम्पन्न भएका कार्यक्रमको संक्षिप्त प्रतिवेदन (शशर्ततर्फ)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | 1.1.4.1 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक पोषाक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | 12754 | 95 | 12404 | 97.2558 | 95 | 100 | स.का कर्मचारी |
| ६ | २.७.१३.302 | शैक्षिक शुसासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण विद्यार्थी मुल्याङ्कन शिक्षक मेन्टरीङ तथा विद्यालय सुपरीवेक्षण | 1122 | 215 | 854 | 76.1141 | 215 | 100 | शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, वि.व्य.स पदाधिकारी |
| ७ | 2.4.6.२ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | 2001 | 2486 | 1596 | 79.7601 | 2486 | 100 | विद्यार्थी |
| ८ | 7.2.1.1 | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | 385 | 540 | 230 | 59.7403 | 540 | 100 | विद्यार्थी |

# आ.व २०८१/०८२ मा सम्पन्न भएका कार्यक्रमको संक्षिप्त प्रतिवेदन (शशर्ततर्फ)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | 2.7.13.10 | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | 2580 | 39 | 2400 | 93.0233 | 39 | 100 | विद्यालय |
| १० | २.७.१३.५० | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | 668 | 2818 | 664 | 99.4012 | 2818 | 100 | विद्यार्थी |
| ११ | 2.7.13.11 | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन अनुदान) | 1100 | 4 | 1100 | 100 | 4 | 100 | सामुदायिक सिकाइ केन्द्र र परम्परागत विद्यालय |
| १२ | 2.7.11.1 | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ३७४२ | १३५५ | ३३६५ | 89.9252 | १३५५ | 100 | विद्यार्थी |

# आ.व २०८१/०८२ मा सम्पन्न भएका कार्यक्रमको संक्षिप्त प्रतिवेदन (शशर्ततर्फ)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | 2.7.13.13 | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३४५० | ६ | ३४५० | 100 | ६ | 100 | विद्यालय |
| १४ | ११.१.२.२.९८० | केन्द्रबाट छनोट भएका नमुना माध्यमिक विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्नती भएका प्राविधिक धार विद्यालयको ल्याव | 10000 | 1 | १०००० | 100 | 1 | 100 | विद्यालय |
| १५ | २.७.१३.२३ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापन कार्यक्रम | ७५९ | ७९७ | ६९८ | 91.9631 | ७९७ | 100 | छात्रा |
| १६ | २.७.१३.३०४ | COVID-19 बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा विपदको समयमा सिकाई निरन्तरताका लागि कार्यक्रम | १००० | ३९ | ९४६ | 94.6 | ३९ | 100 | विद्यालय |

# आ.व २०८१/०८२ मा सम्पन्न भएका कार्यक्रमको संक्षिप्त प्रतिवेदन (शशर्ततर्फ)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | २.७.१३.३०५ | विपन्न लक्षित छात्रवृति | १८७ | १४६ | ० | 0 | ११० | ७६ | रकम अपुग भै आ.व को अन्तमा कोलेनिकामा रकम स्रोत फुकुवा भै त्यसैबाट विद्यार्थी खातामा गएको हुँदा पहिलेको रकम खर्च भएन |
| १८ | 2.7.8.394 | CTEVT को मापदण्डबमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | 700 | 1 | 700 | 100 | 1 | 100 | विद्यालय |
| जम्मा | | | 216478 | | 204271 | | | | फिर्ता बजेट १२२०७ |

# आ.व २०८१/०८२ मा सम्पन्न भएका कार्यक्रमको संक्षिप्त प्रतिवेदन (आन्तरिकतर्फ)

| सिनं | बजेट खर्च नं. | बजेट खर्च शिर्षक | आ.व. 208१/8२ मा विनियोजित | कार्यक्रम सम्पन्न भएको मिति | खर्च रकम र भुक्तानी |
|---|---|---|---|---|---|
| १ | 22522 | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | १५००००० | २०८१ पौष मा खेल सम्पन्न भएको | १२१०००० खर्च भएको र भुक्तानी समेत भैसकेको |
| २ | 22522 | नियमित प्र.अ बैठक व्यवस्थापन खर्च | १२०००० | प्रत्येक महिनामा भएको ३ वटा विशेष वैठक सहित १२ वटा वैठक भएको | सवै वैठकको खर्च जम्मा ९५००० |
| ४ | 22522 | स्थानीय पाठ्यक्रमको परिमार्जन तथा छपाइ खर्च | ८००००० | छपाइ भै पाठयपुस्तक वितरण भएको जेष्ठ महिना सम्म | सवै रकम छपाइमा खर्च भएको |

# आ.व २०८१/०८२ मा सम्पन्न भएका कार्यक्रमको संक्षिप्त प्रतिवेदन (आन्तरिकतर्फ)

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | 22522 | प्रारम्भिक बाल विकास केन्द्र र विद्यालयमा कार्यरत कर्मचारिहरुको पारिश्रमिक | ६५१३००० | जेस्थ मसान्त सम्म | सवै रकम भुक्तानी भै खर्च भएको |
| ६ | 22522 | बालमैत्रि स्थानीय शासन प्रवर्दन कार्यक्रम | १०००००० | कार्यक्रम सम्पन्न भएको | भुक्तानी पनि भैसकेको (यसको पुरा प्रतिवेदन बालमैत्री शाखाबाट हुने) |
| ७ | २२५२२ | संस्थागत विद्यालय सेनेटरी प्याड व्यवस्थापन खर्च | १००००० | २०८२ असार सम्म खरिद भएको | शशर्तबाट रकम खर्च भएकोले आन्तरिकको खर्च नभएको |
| ८ | २२५२२ | कक्षा ६ दिवा खाजा व्यवस्थापन खर्च | ३००००० | २०८१ चैत्रमा | विनीयोजित रकमबाटजम्मा ९० दिनको मात्र भुक्तानी दिन रकम पुगेको खर्च पुरै |
| ९ | २२५२२ | भीरकोट प्रतिस्थान कार्यक्रम खर्च | १००००० | | |

# आ.व २०८१/०८२ मा सम्पन्न भएका कार्यक्रमको संक्षिप्त प्रतिवेदन (आन्तरिकतर्फ)

| | | | | | |
|---|---|---|---|---|---|
| १० | २२५२२ | खुसी शिक्षा कार्यक्रम | १०००००० | रकमान्तर भएको | |
| ११ | 27211 | छात्रवृत्ति रकम | ४००००० | एकिन नभएको | |
| १२ | 22522 | पढ्नको लागी कोठा Room to Read कार्यक्रम | ५०००० | रकमान्तर भएको | |
| १३ | 22522 | शैक्षिक क्यालेन्डर प्रकाशन | १००००० | २०८२ बैशाख मा सम्पन्न | पुरै खर्च भएको |
| १४ | 22522 | विभिन्न दिवस तथा समारोह व्यवस्थापन खर्च | ३००००० | २०८२ जेष्ठ १५ मा गणतन्त्र दिवस मनाएको | खर्च ३०००० |
| १५ | 22522 | युवा तथा खेलकुद कार्यक्रम | १०००००० | | |

# यस नगरपालिकामा भएका असल अभ्यास

- आधारभूत शिक्षा उत्तीर्ण परिक्षा कक्षा ८ को अतिरिक्त कक्षा ५ र ३ को अन्तिम परीक्षा समेत नगरपालिका स्तरमा संचालन भएको हुँदा आधारभूत तहमा नै विद्यार्थीको सिकाइ तथा पठनपाठन क्रियाकलापमा सुधार भएको जसले माथिल्लो तहको कक्षा १० र १२ मा हुने परिक्षाको बलियो जग निर्माणमा सहयोग गरेको छ ।
- रुम टु रिड संगको साझेदारीमा विगतका २ चरण पश्चात यस वर्ष पनि सङ्ग्झौता गरी कक्षा १-३ का विद्यार्थीको पठन सिप विकासका लागि महत्वपुर्ण काम अगाडि बढाएको छ ।
- न्यून विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयको तह घट, कक्षा घट तथा विद्यालय समायोजन सम्बन्धी कार्यविधि वनाई विद्यार्थी संख्या सत्यापन तथा एकिनका लागि विद्यालय अनुगमन कार्य अगाडि बढाइएको छ ।

# क्रमश..

- विद्यार्थी प्रतिभा पहिचानका लागि शैक्षिक कार्यपात्रोमा नै अतिरिक्त क्रियाकलाप समावेश गरी विभिन्न समयमा अतिरिक्त क्रियाकलाप संचालन गरिएको छ ।
- शशर्तमा कक्षा ५ सम्मका विद्यार्थीका लागि मात्र दिवा खाजाको व्यवस्था गरिएकोमा नगरपालिकाको आन्तरीक स्रोतबाट कक्षा ६ का विद्यार्थीका लागि समेत दिवा खाजाको प्रवन्ध मिलाइएको छ ।
- शशर्त कार्यक्रममा सामुदायिक विद्यालयका कक्षा ६-१२ का किशोरीहरुका लागि निशुल्क सेनेटरी प्याडको व्यवस्था भएकोमा नगरपालिका स्रोतबाट संस्थागत विद्यालयका किशोरीहरुका लागि समेत निशुल्क सेनेटरी प्याडको व्यवस्था गरिएको छ ।

# क्रमश

- प्रत्येक वर्ष भए गरेका शशर्त र आन्तरीक स्रोतबाट सम्पन्न कार्यहरुको प्रगति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा सम्प्रेषण गरिएको छ ।
- विद्यालयमा हुने हरेक प्रकारका निकासाका लागि इमिसमा भएको विद्यार्थी तथ्याङ्कलाई मुख्य आधार बनाइएको छ ।
- इमिसमा भएका हरेक तथ्याङ्क अध्यावधिकका लागि अनिवार्य गरी सहजिकरण गरिएको छ ।
- सरुवा, बढुव, नयाँ स्थायी र अस्थायी नियुक्तिको अभिलेख व्यवस्थापन गरिएको छ ।

# कार्यान्वयनका क्रममा आएका समस्या/चुनौती

- विभिन्न प्राविधिक समस्यामा कारण अतिरिक्त क्रियाकलाप तोकिएकै समयमा सम्पन्न गर्न सकिएको छैन । समयमा नै सम्पन्न गर्न चुनौति छ ।
- कक्षा ३ र ५ को परीक्षाको मोडालिटी सामुदायिक र संस्थागत विद्यालयको एउटै हुने तर संस्थागत विद्यालयको पठनपाठन हुने विषय र पाठयक्रम फरक हुँदा एउटै मोडेल र समान विषयको परीक्षा संचालन गर्न समस्या छ ।
- रुम टु रिड संगको साझेदारी अनुरुप पाठयपुस्तक छपाई बैशाखमा भै विद्यालयमा पुग्नु पर्नेमा गत वर्ष बजेट नभएको र यस आ.व मा समेत विभिन्न समस्याका कारण रुम टु रिड मोडलको पाठयपुस्तक छपाउन नसक्दा छनोट भएका विद्यालयको गुनासो सम्बोधन गर्न समस्या छ ।

# क्रमश..

- छोटो समयमा नै धेरै काम गर्नु पर्ने बाध्यताका कारण वर्क लोड बढी हुनु ।
- विद्यालय सुपरीवेक्षण र शिक्षकको निरन्तर पेसागत सहयोग पुर्याउन तथा विद्यालय नियमित अनुगमन गर्नु चुनौती छ कारण न्यून जनशक्ति
- शाखामा प्रशासनिक कामका अतिरिक्त निकासा सम्बन्धी कामछरितो हुन नसक्नु समेत समया नै गर्नु पर्दा प्रभावकारी कार्य सम्पादनमा कठिनाई
- विद्यार्थी संख्या न्यून हुँदै जानु साथै हाल कायम विद्यालय र विद्यार्थी संख्या कायम गरीराख्न चुनौती छ ।
- नतिजाको आधारमा विगत वर्षको तुलनामा सुधार देखिए पनि शिक्षाका सवै क्षेत्रमा गुणस्तरको प्रत्याभूति गराउनु चुनौति छ ।

# अपेक्षा

- प्रमुख प्रशासकीयस्तरबाट कार्ययोजना अनुरुपका कार्यक्रममा सल्लाह सुझाव परामर्श र निर्देशनका साथ सहजिकरणको अपेक्षा ।
- कार्यकक्षमा एक वटा लेनलाइन भएमा विद्यालयमा सम्पर्क गर्न सहज हुने ।
- तोकिएका कार्यक्रम समयमा नै सम्पन्न गर्न निर्देशन र सहजिकरणको अपेक्षा।

# यहाँहरु सम्पुर्णमा हार्दिक धन्यबाद



# भीरकोट नगरपालिकाको आ.व. २०८१/८२ को वार्षिक प्रगती समिक्षा प्रतिवेदन

**प्रस्तुतकर्ता**

याम प्रसाद रेग्मी
योजना अनुगमन तथा कार्यक्रम अधिकृत

मितिः 08 असोज 2082

स्थानः भीरकोट नगरपालिका

# भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बयरघारी, स्याङ्जा

**N अर्जुनचौपारी गाउँपालिका/पुतलीबजार नगरपालिका**

**W पर्वत जिल्ला**




WardWise Area

| Wards | Area(Sq. km) |
|---|---|
| 1 | 9.66 |
| 2 | 6.02 |
| 3 | 9.99 |
| 4 | 4.66 |
| 5 | 7.68 |
| 6 | 6.50 |
| 7 | 7.19 |
| 8 | 17.20 |
| 9 | 9.33 |

**E पुतलीबजार नगरपालिका/बिरुवा गाउँपालिका**

**S वालिङ्ग नगरपालिका**

**कुल क्षेत्रफलः ७८.23 वर्ग कि.मि.**

# नगरपालिकाको संक्षिप्त चिनारी

| | |
|---|---|
| सीमाना | पूर्व–विरूवा गाउँपालिका र पुतलीबजार नगरपालिका<br>पश्चिम– पर्वत जिल्ला<br>उत्तर–अर्जुनचौपारी गाउँपालिका र पुतलीबजार नगरपालिका<br>दक्षिण–वालिङ्ग नगरपालिका |
| कुल क्षेत्रफल | ७८.२३ (वर्ग कि.मी.) |
| तापक्रम | न्यूनतम ५ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयससम्म |
| हावापानी | समशितोष्ण हावापानी |
| उचाई | समुन्द्र सतहको ७१३ मिटर देखि १७३५ मिटर |
| जनसंख्या | २२६४५ (पुरूषः १०२६७ महिलाः १२३७८) |

# भीरकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बयरघारी, स्याङ्जा




**भीरकोट नगरपालिका वडा नं. १ मा अवस्थित प्रशासकीय भवन**

# आ.व. २०८१।८२ को आम्दानी विवरण

| सि.न. | विवरण | आ.व. २०८1।82 को विनियोजन (रू. हजारमा) | आ.व. २०81।82 को प्राप्ति (रू. हजारमा) | प्राप्ति प्रतिशत |
|---|---|---|---|---|
| १ | संघीय समानिकरण अनुदान | 102200000 | 93824320 | 91.8 |
| २ | संघीय सशर्त अनुदान | 271379000 | 248282782 | 91.48 |
| ३ | संघीय समपुरक अनुदान | 14000000 | 10690002 | 76.75 |
| ४ | संघीय विशेष अनुदान | 21500000 | 20327702 | 94.54 |
| ५ | संघीय राजश्व बाँडफाँड | 90100000 | 80400540 | 89.23 |
| ६ | प्रदेश समानिकरण अनुदान | 13055000 | 13055000 | 100 |
| ७ | प्रदेश समपुरक अनुदान | 6000000 | 4008000 | 66.8 |
| ८ | प्रदेश विशेष अनुदान | 4000000 | 1999944 | 50 |

# आ.व. २०८१।८२ को हालसम्मको यथार्थ आम्दानी विवरण

| सि.न. | विवरण | आ.व. २०८1।82 को विनियोजन (रू. हजारमा) | आ.व. २०81।82 को प्राप्ति (रू. हजारमा) | प्राप्ति प्रतिशत |
|---|---|---|---|---|
| 9 | **प्रदेश राजश्व बाँडफाँड** | 17626000 | 16639459 | 94.4 |
| 10 | **स्थानीय राजश्व** | 20000000 | १२४७५२३२ | ६२.३७ |
| 1१ | **दहत्तर बहत्तर** | ३0000000 | ३४८६०३०६ | 116.2 |
| 1२ | **सामाजिक सुरक्षा** | 180000000 | 174520942 | 96.95 |
| 1३ | **सडक बोर्ड** | 9000000 | 4347436 | 48.30 |
| | **कुल जम्मा** | **७७८८६0000** | **७१५४३१६६५** | |
| | | | | |
| | | | | |

## आ.व. २०८१।८२ को हालसम्मको यथार्थ आम्दानी विवरण

| सि.न. | विवरण | आ.व. २०८1।82 को प्रस्तावित खर्च रकम (रू. हजारमा) | आ.व. २०81।82 को यथार्थ खर्च रकम (रू. हजारमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | **चालु खर्च** | ४३२०७०३०८ | ३८१५०८६८७ | ८८.३०% |
| २ | **पूंजिगत खर्च** | १६६१५०००० | ११२३५१३३८ | ६८% |
| | **कुल जम्मा** | ५९८२20308 | 493860025 | ८२.५५% |

# बेरूजुको विवरण

कुल बेरुजु रकम= २,९६,४३,०००

बेरुजु फछ्यौट= ३६,६६,६३७.२३

बाँकी बेरुजु रकम =२,५९,७९,३६२.७७

बेरुजु फछ्र्यौट प्रतिशत =१२.३५%

# योजना/पूर्वाधार विकास शाखाबाट सम्पादित कार्यहरु

# योजना/पूर्वाधार विकास

- आँधिखोला तटबन्धन निर्माण सम्पन्न
- सुन्दरबजार स्वरेक मैदान सडक निर्माण सम्पन्न
- मोहनडाँडा ठुलिभञ्ज्याङ पर्वत सडक निर्माण सम्पन्न
- नगरपालिका कार्यालयको कार्यालय भवन ट्रस निर्माण तथा रङ्गरोगन सम्पन्न
- वडा कार्यालय देउराली चोक कोखे सडक निर्माण सम्पन्न
- भीरकोट पार्क पौडी पोखरी निर्माणाधिन रहेको
- वडा नं. ६ को खिलुङ्ग देउराली स्वास्थ्यचौकी भवन स्तरोन्नती

# योजनाको विवरण

| योजनाको विवरण | योजना संख्या | सम्पन्न योजना संख्या |
|---|---|---|
| उपभोक्ता समितिबाट सम्झौता भएका योजना | २६९ | २६९ |
| सम्पन्न हुन बाँकी योजना | – | – |
| ठेक्काबाट कार्यान्वयन हुने | ७ | ५ |






# सम्पन्न भएका विभिन्न कार्यक्रमहरु

| क्र.स. | कार्यक्रमको नाम | लाभान्वित संख्या |
|---|---|---|
| १. | मादल बजाउने तालिम | २२० |
| २. | एस इ इ उत्तीर्ण छात्राहरुलाई कम्प्युटर तालिम | ४० |
| ३. | पदाधिकारीहरुको अध्ययन अवलोकन भ्रमण | २९ |
| ४. | लघू उद्यम विकास कार्यक्रम | ३२ |
| ५. | सकारात्मक सोच सम्बन्धी कार्यक्रम | ४५० |
